# लोक सेवा आयोग

## कृषि सामग्री कम्पनी लिमिटेड, प्रशासन, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा २०८१/१०/१९

**पत्र :** द्वितीय　　　　　**पूर्णाङ्क :** १००

**समय :** २ घण्टा ३० मिनेट

**विषय : सेवा सम्बन्धी**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

**खण्ड "क"　　　　(५० अङ्क)**

**१.** संगठनको प्रभावकारी कार्यसम्पादनमा गैरमौद्रिक उत्प्रेरणाको महत्त्वमाथि प्रकाश पार्नुहोस् । **[५]**

**२.** नागरिक बडापत्र भनेको के हो? सार्वजनिक सेवा प्रवाहमा यसको आवश्यकता प्रष्ट्याउनुहोस् । **[२+३=५]**

**३.** कानूनको शासन प्रवर्द्धनमा नागरिकले निर्वाह गर्नुपर्ने दायित्व र कर्तव्य के के हुन्? जानकारी दिनुहोस् । **[५]**

**४.** प्रतिवेदन भन्नाले के बुझिन्छ? प्रतिवेदन लेखनमा ध्यान दिनुपर्ने पक्षहरू के के हुन्? व्याख्या गर्नुहोस् । **[१+४=५]**

**५.** अभिलेख व्यवस्थापन भनेको के हो? कार्यालयमा यसको आवश्यकता किन पर्दछ? लेख्नुहोस् । **[२+३=५]**

**६.** कृषि सामग्री कम्पनी लिमिटेडको कामकारबाहीलाई व्यवस्थित तुल्याउन कम्प्युटर प्रणाली किन आवश्यक छ? स्पष्ट पार्नुहोस् । **[५]**

**७.** संगठनमा के कारणले द्वन्द्व उत्पन्न हुन्छ? स्पष्ट गर्दै यसबाट पर्ने असरहरू उल्लेख गर्नुहोस् । साथै, द्वन्द्व व्यवस्थापनका उपायहरू लेख्नुहोस् । **[३+३+४=१०]**

**८.** जिन्सी व्यवस्थापन भनेको के हो? कार्यालयमा यसको महत्त्व दर्शाउँदै जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरू लेख्नुहोस् । **[३+४+३=१०]**

**खण्ड "ख" (५० अङ्क)**

**९.** कृषि सामग्री कम्पनी लिमिटेडले मलखादको माग, आपूर्ति, वितरण सम्बन्धमा अपनाएको बजारीकरणको तरिकाहरूको चर्चा गर्नुहोस् । **[५]**

**१०.** कृषि सामग्री कम्पनी लिमिटेडमा हुने जनशक्ति अभावले सेवा प्रवाहमा के-कस्ता असर पुऱ्याउँदछ? प्रष्ट पार्नुहोस् । **[५]**

**११.** राष्ट्रिय कृषि नीति, २०६१ ले लक्षित वर्गका लागि लिएको विशेष सुविधासम्बन्धी नीति बुँदागत रूपमा उल्लेख गर्नुहोस् । **[५]**

**१२.** अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार के के हुन्? उल्लेख गर्नुहोस् । **[५]**

**१३.** बिक्रेता व्यवस्था कार्यविधि, २०७७ बमोजिम बिक्रेता प्रमाणपत्र नवीकरणका लागि आवश्यक पर्ने कागजातहरू के के हुन्? जानकारी दिनुहोस् । **[५]**

**१४.** नेपालको आर्थिक विकासमा कृषि सामग्री कम्पनी लिमिटेडको भूमिका कस्तो रहेको छ? वर्णन गर्नुहोस् । **[५]**

**१५.** कृषि सामग्री कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०८० बमोजिम कम्पनीमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरणहरू संक्षिप्तमा उल्लेख गर्नुहोस् । **[१०]**

**१६.** कृषि सामग्री कम्पनी लिमिटेडको उद्देश्यहरू उल्लेख गर्दै यस कम्पनीले कुन कुन क्षेत्रमा कसरी प्रदेश एवम् स्थानीय तहबिच सहकार्य गर्न सक्छ? चर्चा गर्नुहोस् । **[४+६=१०]**

::